# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९८५७८७२१००
०८८५९४००५

Website:
www.aathbiskotmun.gov.np


पत्र संख्या: २०८१/०८२ (सूचना प्रविधि शाखा)
चलानी नम्बर :

मितिः २०८१/०४/०१ गते
ने.स.-११४४ दिल्लाथ्व दशमी – मंगलबार

**प्रेस विज्ञप्ति**

मिति २०८१/०३/३१ गते राती परेको अबिरल वर्षाको कारण आठविसकोट नगरपालिका वडा नं. १२ को झिन्चौर खोला, तातोपानी खोला र डाबखेत खोलामा आएको बाढीले ठुलो मात्रामा मानवीय तथा भौतिक क्षति पुऱ्याएको छ।

उक्त घटनामा परी आठविसकोट नगरपालिका वडा नं. १२ बस्ने वर्ष ३७ का डिल्ली बहादुर बुढाथोकी वेपत्ता हुनुभएको छ भने आठविसकोट नगरपालिका वडा नं. १२ कै वर्ष ८ का धनुषा पुन, ऐ.ऐ. वर्ष १० का हितमाया पुन, ऐ.ऐ. वडा नं. ९ का वर्ष ४ का मनिषा सार्कीको घटना स्थलमा मृत्यु भएको छ। ऐ.ऐ. वडा नं. १२ वस्ने मनिषा पुन, धनमाया पुन, विजय सार्की, मनसरी पुन, मेक्सन पुन, जनक खत्री, टिकाराम खत्री, कल्पना कामी र शेर बहादुर पुन को नगर अस्पताल आठविसकोटमा उपचार भइरहेको छ।

घटनाका मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना सहित घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौ। खोज, उद्धार तथा राहतको कार्यमा सहयोग गर्नुहुने जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नेपाली सेना ,शसस्त्र प्रहरी बल, नेपाल रेडक्रस सोसाइटि, रुकुम पश्चिम, ईलाका प्रहरी कार्यालय आठविसकोट, नगर प्रहरी, राजनीतिक दल, यूवा तथा समाजसेवी लगाएत खोज तथा उद्धारमा खटिनुहुने सबै प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। साथै बाढी पिडित सम्पूर्ण नागरिकहरुलाई सुरक्षित स्थानमा बसोबासको व्यस्थापन मिलाइदैछ।

मिति २०८० कार्तिक १७ गते जाजरकोट केन्द्रविन्दु बनाई गएको भूकम्पका कारण जमिन चिरा परेको हुँदा बाढी, पहिरोको उच्च जोखिम रहेकोले सम्पूर्ण नगरवासीहरुमा सर्तक रहनुहुन अनुरोध गर्दछौं।

धन कुमारी शाही
उप प्रमुख

धन कुमारी शाही
नगर उप प्रमुख